# साँगुरीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड-७, संख्या-१, मिति : २०८१/०१/१४

## भाग-२

## साँगुरीगढी गाउँपालिका, धनकुटा

कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०१/१३

### साँगुरीगढी गाउँपालिकाको लोगो तथा पालिका गान प्रयोग सम्बन्धी निर्देशिका २०८१

# साँगुरीगढी गाउँपालिकाको लोगो तथा पालिका गान प्रयोग सम्बन्धी निर्देशिका २०८१

प्रस्तावना,

साँगुरीगढी गाउँपालिकाको पालिका गान र लोगो प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन पालिका गान तथा लोगो प्रयोगका लागि निर्देशिका आवश्यक भएकोले साँगुरीगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

## *परिच्छेद- १*
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "साँगुरीगढी गाउँपालिकाको लोगो तथा पालिका गान प्रयोग सम्बन्धी निर्देशिका, २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्र प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

(३) यो कार्यविधि साँगुरीगढी गाउँपालिका क्षेत्र भित्र मात्र लागू हुनेछ ।

२. **परिभाषा** : विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "लोगो" भन्नाले दफा ३ बमोजिमको लोगो सम्झनु पर्छ ।

(ख) "राष्ट्रिय गान" भन्नाले नेपालको राष्ट्रिय गान सम्झनु पर्छ ।

(ख) "पालिका गान" भन्नाले दफा ६ बमोजिमको पालिका गान सम्झनु पर्छ ।

(ग) "विशिष्ट व्यक्ति" भन्नाले प्रचलित कानून बमोजिम विशिष्ट व्यक्ति भनी तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले साँगुरीगगढी गाउँपालिका सम्झनु पर्छ ।

(च) "कार्यालय"भन्नाले साँगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(छ) "गाउँसभा"भन्नाले साँगुरीगढी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

(ज) "कार्यपालिका" भन्नाले साँगुरीगढी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(झ) "प्रचलित कानून" भन्नाले संघीय सरकार, कोशी प्रदेश सरकार र साँगुरीगढी गाउँपालिकाबाट जारी भएको कानूनहरु सम्झनु पर्छ ।

*परिच्छेद-२*

## सम्बन्धी व्यवस्था

३. **लोगो** : (१) गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय विशेषता झल्कने गरी निर्माण गरी गाउँसभाबाट स्वीकृत भएको निशान छाप आकारको लोगो रहेको छ ।

(२) उपदफा (१) बमोजिमको लोगो अनुसूची- १ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **लोगोको प्रयोग** : (१) स्थानीय लोगोको देहायका सरकारी तथा गैरसरकारी निकाय वा संघ संस्थाले प्रयोग गर्नु पर्नेछ :

(क) गाउँपालिकाको कार्यालय

(ख) गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयहरु

(ग) गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरु

(घ) गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालयहरु

(ङ) साँगुरीगढी गाउँपालिकाले तोकेका संघसंस्थाहरु

(२) उपदफा (१) बमोजिम वाहेकका संघ, संस्था वा व्यक्तिले लोगोको प्रयोग गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुन सुकै कुरा उल्लेख गरेको

भएतापनि कार्यालयको स्वीकृतिमा लोगोको प्रयोग गर्न सकिनेछ ।

५. **लोगो प्रयोगको विधि** : (१) गाउँसभा वा गाउँ कार्यपालिका वा विषयगत समितिको बैठकमा प्रयोग हुने व्यानर स्वागतद्वार आदिमा लोगोको प्रयोग गर्नु पर्नेछ ।

(२) गाउँपालिका वा अन्तर्गतका कार्यालय संघ संस्थाले लोगोको प्रयोग देहाय बमोजिम गर्नु पर्नेछ :

(क) कार्यालयको लेटर प्याडको दायाँ पट्टीको माथिल्लो कुनामा निशान छापकै आकारमा,

(ख) कार्यालय वा अन्तर्गतका कार्यालय संघ संस्था वा समितिको कार्यालयको साइन बोर्डहरुमा दाया तर्फको माथिल्लो भागमा,

(ग) कार्यालय वा अन्तर्गतका कार्यालयको आयोजनामा हुने औपचारिक कार्यक्रम वा सामाजिक, सास्कृतिक कार्यक्रमको वोर्ड, स्वागतद्वार, व्यानर आदिमा,

(३) उपदफा (१) वा (२) मा भएको व्यवस्था वाहेक गाउँपालिका क्षेत्र भित्रका अन्य संघ संस्थाहरुले कार्यायलको स्वीकृतिमा लोगो प्रयोग गर्न सकिनेछ ।

*परिच्छेद- ३*

## पालिका गान प्रयोग सम्बन्धी व्यवस्था

६. **पालिका गान** : (१) गाउँसभाले स्वीकृत गरेको सामाजिक सास्कृतिक एकता, पर्यटकीय विशेषता, स्थानीय विविधता सहितको पालिका गान अनुसूची- २ बमोजिम रहेकोछ ।

७. **पालिका गान प्रयोग**: (१) स्थानीय उत्सव, पर्व, औपचारिक समारोह, सभा, बैठक, विद्यार्थी प्रार्थना, खेलकुद प्रतियोगिता, सामाजिक, सास्कृतिक कार्यक्रम, स्थानीय रेडियो तथा एफ एम, टेलिभिजनमा प्रयोग गर्नु पर्नेछ ।

(२) उदफा (१) मा भएको व्यवस्थाका अतिरिक्त कार्यालयको स्वीकृतिमा पालिका गानको प्रयोग गर्न सकिनेछ ।

(३) पालिका गान देहायका सरकारी तथा गैरसरकारी निकाय वा संघ संस्थाले आयोजना गरेको औपचारिक कार्यक्रम, समारोह, सामाजिक सांस्कृतिक, खेलकुद आदिमा गाउनु पर्नेछ :

(क) साँगुरीगढी गाउँपालिकाको कार्यालय

(ख) साँगुरीगढी गाउँपालिकाको सम्पूर्ण वडा कार्यालयहरु

(ग) साँगुरीगढी गाउँपालिकाको सम्पूर्ण स्वास्थ्य संस्थाहरु

(घ) साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालयहरु

(ङ) साँगुरीगढी गाउँपालिका क्षेत्र सम्पूर्ण सहकारीहरु

(च) साँगुरीगढी गाउँपालिका क्षेत्र सम्पूर्ण गैरसरकारी संस्थाहरु

(छ) साँगुरीगढी गाउँपालिका क्षेत्र सम्पूर्ण क्लव तथा समितिहरु

(ज) साँगुरीगढी गाउँपालिकाले तोकेका संघ संस्थाहरु

८. **पालिका गान प्रयोगको विधि** : (१) गाउँपालिका वा अन्तर्गतका वडा वा संघ संस्थाले आयोजना गरेको समारोह, उत्सव वा औपचारिक कार्यक्रममा विशिष्ट व्यक्ति, पदाधिकारी, कर्मचारी तथा सम्पूर्ण सहभागीहरुले पालिका गानको धुन बज्दा उठेर सतर्क अवस्थामा शिर ठाडो वनाएर उच्च तथा उल्लासपूर्ण आवाजमा पालिका गान गाउनु पर्नेछ ।

(२) गाउँसभाको बैठकमा राष्ट्रिय गान पछि लगत्तै पालिका

गान गाउनु पर्नेछ ।

(३) गाउँपालिका वा अन्तर्गतको आयोजनामा हुने औपचारिक कार्यक्रममा संघीय सरकार, प्रदेश सरकारका विशिष्ट व्यक्ति वा पदाधिकारी वा प्रतिनिधि सहभागी कार्यक्रममा राष्ट्रिय गान लगत्तै पछि पालिका गान गाउनु पर्नेछ ।

(४) स्थानीय सरकारी तथा निजी शैक्षिक सघ संस्थाहरुले प्रार्थनाको समयमा राष्ट्रिय गान पछि अनिवार्य रुपमा पालिका गान गाउनु पर्नेछ ।

*परिच्छेद- ३*

**विविध**

९. **पालिका गान र लोगो प्रयोगमा निषेध** : (१) यस कार्यविधिको दफा ४ र दफा ७ बमोजिम बाहेक पालिका गान र लोगो प्रयोग गर्न निषेध गरिको छ ।

(२) उपदफा (१) को प्रतिकुल हुने गरी पालिका गान वा लोगो प्रयोग गरेमा दण्डनीय हुनेछ ।

१०. **अनुगमन** : पालिका गान र लोगो प्रयोग नियमित भए नभएको सन्दर्भका कार्यालयबाट अनुगमन गर्नु पर्नेछ ।

अनुसूची- १

(दफा (३) को उपदफा (२) सँग सम्बन्धित)

**लोगो**

*अनुसूची- २*

(दफा (७) को उपदफा (२) सँग सम्बन्धित)

**पालिका गान**

समृद्धिको शिखर चम्दै योजना र तालिका
ऐतिहासिक पर्यटक स्थल साँगुरीगढी गाउँपालिका,

बुढीमोरङ, खुवाफोक, फाक्सीव, डाँडाबजार मिलेका
आहाले गाउँ, महाभारत, भेडेटार सौदर्यले भरेका

कृषि व्यपार रोजगारको सुनौलो बाटो खुलेका
शिक्षा, स्वास्थ्य पर्यटनको मूल आधार हाम्रो पालिका

डाँडाकाँडा, झरना खुवालुङ कलकल नदी बगेका
मिश्रित जाति, भाषा धर्म आहा कति मिलेका

नेपाली पहिचान हाम्रो गरिमा साँगुरीगढी गाउँपालिका
जय, जय, जय, जय, साँगुरीगढी गाउँपालिका,

समाप्त

**प्रमाणीकरण मिति : २०८१/०१/१३**

**आज्ञाले**
**दिलशेर राई**
**प्रमुख प्रशासकीय अधिकृत**